गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७९।०८०
च.नं:

मिति: २०७९।११।०२

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे अत्यन्त जरुरी सूचना !

श्री वडा कार्यालय (१-११) सबै
गलकोट नगरपालिका, बागलुङ ।

आगामी आर्थिक वर्ष ०८०/०८१ मा यस नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारी गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फागुन ३० गते भित्रमा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल बमोजिमका सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र ई.एम.आई.एस मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नुहुन अनुरोध छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** बाट वा वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**तपसिल**

- नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक वार्षिक आय भन्दा कम आम्दानी रहेका,
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भई कार्य गर्न इच्छुक परिवारका
- व्यक्तिहरु,
- परिवारका सम्पूर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नम्बर, जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था),
- निवेदनसाथ नागरिकताको प्रतिलिपि र सम्बन्धित व्यक्तिको हाल सालै खिचेको PP Size को फोटो १ प्रति,
- बसाइँसराई प्रमाणपत्र/विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता जारी जिल्ला फरक भएमा) र निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएमा परिचयपत्रको प्रतिलिपि-१ प्रति,
- बेरोजगार व्यक्ति १८ वर्ष उमेर पूरा भई ५९ वर्ष उमेर ननाघेको,
- सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर (अनिवार्य),
- बैङ्क खाताको विवरण ।

नोटः गत आ.व. हरुमा निवेदन दिएका व्यक्तिहरुले पुनः निवेदन दिनुपर्नेछ, निवेदन दिंदा फाराममा उल्लेख भएको सम्पुर्ण विवरणहरु उल्लेख नगरिएमा वा तोकिएको आवश्यक कागजातहरु पेश नगरेमा त्यस्ता निवेदनहरु रद्द गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

गंगा बहादुर भण्डारी
(प्रमुख प्रशासकीय अधिकृत)